# धर्मसन्तान ग्रहणको सम्बन्धमा

## धर्मसन्तान ग्रहण भनेको के हो?

- बालबालिकालाई हेरचाह र स्थायी घर चाहिन्छ । तिनीहरुलाई स्नेहपूर्ण र पालनपोणको लागि राम्रो वातावरण प्रदान गर्ने आमाबुबाको आवश्यकता हुन्छ । धर्मसन्तान ग्रहण सेवाको उद्देश्य भनेको ती बालबालिकाको लागि स्थायी र उपयुक्त घरहरू प्रदान गर्नु हो जसका अभिभावकहरुले तिनीहरूको हेरचाह गर्न असमर्थ वा अनिच्छुक छन् ।
- धर्मसन्तान ग्रहण ग्रहणकर्ताका लागि जीवनभरको प्रतिबद्धता हो । बालबालिकाको सर्वोत्तम हित नै हाम्रो सर्वोपरि विचार हो।

## धर्मसन्तान हुनका लागि योग्य बालबालिका को हुन्?

- धर्मसन्तान ग्रहणसम्वन्धी अध्यादेश* अनुसार धर्मसन्तानको रूपमा ग्रहण गर्न सकिने बालक वा बालिकाको उमेर 18 वर्षभन्दा कम हुनुपर्छ र विवाहित हुनुहुँदैन ।
- व्यावहारिक रुपमा, धर्मसन्तान बनाउन आवश्यकता भएका ती बालबालिकाहरु जो जन्मदिने अभिभावनकहरुसँग विभिन्न परिस्थितिको कारण बसोबास गर्न नमिल्ने जस्तै उनीहरुलाई त्यागेका वा उनीहरुको अभिभावक बन्ने अधिकार गुमाएका बालबालिकाहरु पर्दछन् । यी बालबालिकाको जटिल पारिवारिक पृष्ठभूमि हुन सक्छ । उनीहरूसँग पारिवारिक जीवनको मजा लिने तथा स्नेहपूर्ण र स्थिर वातावरणमा हुर्किने समान आवश्यकता छ।
- धर्मसन्तान बनाउन उपलब्ध भएका बालबालिकाहरुबारे जानकारीका लागि, कृपया समाज कल्याण विभागको वेवसाइट www.swd.gov.hk/en/index/site_pubsvc/page_family/sub_listofserv/id_adoptionse/ मा जानुहोस् ।

## धर्मसन्तान ग्रहणका लागि निवेदन दिनुअघि के कुरामा विचार गर्नुपर्छ?

धर्मसन्तान बनाउने कुरा जीवनभरको प्रतिबद्धता हो जसले धर्मपितामातालाई उनीहरूको परिवार बृद्धि गर्ने र हेरचाह गर्ने घरको खाँचोमा रहेका बच्चाहरूलाई हुर्काउने खुशी प्रदान गर्दछ। धर्मसन्तान ग्रहणमा अघि बढ्नुभन्दा अगाडि ध्यान दिनुपर्ने केही बुँदाहरू निम्नानुसार छन्ः

- के तपाईं 25 वर्षको हुनुभयो, यदि तपाईं विवाहित हुनुहुन्छ भने; के तपाईंको जीवनसाथी धर्मसन्तान ग्रहणसम्बन्धी अध्यादेशको आवश्यकताअनुसार 21 वर्ष पुग्नुभएको छ? के तपाईंको जीवनसाथीसँग स्थिर सम्बन्ध छ (विवाह भएको कम्तीमा तीन वर्ष भयो)?
- के तपाईं एउटा बच्चालाई धर्मसन्तानको रूपमा ग्रहण गर्ने र हुर्काउने जीवनभरको प्रतिबद्धता गर्न तयार हुनुहुन्छ?
- के तपाईं बच्चा आत्मनिर्भर नहुँदासम्म बच्चाको हेरचाह गर्नका लागि शारीरिक र मानसिक रूपमा स्वास्थ्य हुनुहुन्छ?
- के तपाईं विभिन्न विकासका चरणहरुमा बच्चालाई मार्गदर्शन र समर्थन प्रदान गर्नका लागि उपयुक्त रूपमा शिक्षित हुनुहुन्छ, सकेसम्म माध्यमिक शिक्षा पुरा गरेको?

- के तपाईं आर्थिक रुपमा सक्षम हुनको साथ स्थिर रोजगारमा हुनुहुन्छ र बच्चाको लागि स्थिर आवास प्रदान गर्न सक्षम हुनुहुन्छ?

- के तपाईं 12 महिना वा माथिका लागि हङकङमा बस्नु भएको छ ताकि तपाईं सामाजिक वातावरण र सामुदायिक स्रोतहरूसँग परिचित हुन सक्नुहुन्छ, र के तपाईं धर्मसन्तान ग्रहणको प्रक्रिया पुरा गर्नका लागि 12 महिना वा सो भन्दा बढी समयसम्म निरन्तर बस्न सक्नहुन्छ?

## कसले धर्मसन्तान ग्रहणको व्यवस्था गर्न र बच्चालाई धर्मसन्तानका लागि राख्न सक्छ?

- धर्मसन्तान सम्बन्धी अध्यादेशका अनुसार, केवल (क) समाज कल्याण निर्देशक; (ख) यसको मान्यताअनुरूप कार्य गरिरहेका मान्यताप्राप्त निकाय; वा (ग) अदालतको आदेशको पालनाको कार्य गर्ने व्यक्तिले असम्बन्धित धर्मसन्तान ग्रहणको आवेदनमा काम गर्न र कुनै बच्चाको धर्मसन्तान ग्रहणको व्यवस्था गर्न सक्नेछन्।
- माथि उल्लेखितबाहेक अरू कुनै व्यक्तिले बच्चाको धर्मसन्तान ग्रहणको लागि व्यवस्था गर्न वा असम्बन्धित व्यक्ति (हरू) द्वारा धर्मसन्तान ग्रहणका लागि बच्चा राख्नेछैन। सम्बन्धित प्रावधानको उल्लंघन गर्ने व्यक्ति अपराधको लागि दोषी हुनेछ र जरिवाना र कारावासको सजाय भोग्नुपर्नेछ।

## कुनै धर्मसन्तान ग्रहण सम्बन्धी निवेदनका लागि कार्यविधिहरु के छन्?

1. निवेदकहरूले समाज कल्याण विभागको धर्मसन्तान ग्रहण एकाइलाई धर्मसन्तान ग्रहणसम्बन्धी जानकारी सत्रमा उपस्थित हुनका लागि सम्पर्क गर्नुपर्नेछ।
2. निवेदकहरूले धर्मसन्तान ग्रहण गर्ने आमाबुबाको उपयुक्तताको मुल्यांकनका लागि विस्तृत घर निरीक्षण (होम स्टडी) पुरा गर्नुपर्छ। यो मुल्यांकनले आवेदकको व्यक्तित्व, रूचि, प्रारम्भिक जीवन अनुभव, सामना गर्ने क्षमता, वैवाहिक स्थिरता, अभिभावकीय दृष्टिकोण र क्षमता, धर्मसन्तान ग्रहण गर्ने प्रेरणा, ग्रहण हुने बच्चाको विकास आवश्यकता पूरा गर्ने क्षमतासहित विभिन्न क्षेत्रहरूको विस्तृत क्षेत्रलाई समेट्छ।
3. घर निरीक्षण पुरा गर्नुअघि आवेदकहरू धर्मसन्तान ग्रहणसम्बन्धी दुई वटा तालिम कार्यशालामा उपस्थित हुनुपर्छ र मेडिकल जाँच तथा अनिवार्य रूपमा अपराध रेकर्ड जाँच पुरा गर्नुपर्छ।
4. प्रस्तावित जोडाको लागि आवेदकहरूले धैर्यतापूर्वक प्रतिक्षा गर्नुपर्ने हुन सक्छ।
5. धर्मसन्तान ग्रहण सम्बन्धी अध्यादेशका अनुसार आवेदकहरूले कानूनी प्रक्रियालाई पालना गर्नुपर्छ। धर्मसन्तान ग्रहण बच्चाको उत्तम हितमा भएको सुनिश्चित गर्नका लागि अदालतले धर्मसन्तान ग्रहणको आदेश दिनुअघि हरेक आवेदनलाई जाँच गर्नेछ।

## लाग्ने शुल्क

- सर्‌ाज कल्याण विभागको धर्‌सन्तान  हण्र एकाइले स  चालन गर्ने घर निरीक्षण नि्  ल्कु हो।
- धर्‌सन्तान  हण्रसम्वन्धी आवेदनर्‌ा बादकालीन अभिभावकको रूपर्‌ा सर्‌ाज कल्याणको निर्देशकलाई नियुक्त गरेको अवस्थार्‌ा, हरेक बच्चाका लागि HK$4,210** शुल्क तिर्नुपर्नेछ।

## सेवाबाट बाहिरिने

निवेदकहरू धर्मसन्तान ग्रहण सेवाबाट निम्न अवस्थामा बाहिरिन सक्छन्ः

- धर्मसन्तान ग्रहण आदेश प्राप्त गर्नेसहित सबै आवश्यक धर्मसन्तान ग्रहणको कार्यविधिहरु पुरा गरेको र धर्मसन्तान

ग्रहण एकाइबाट अन्य कुनै सेवा नचाहिने, वा

- धर्मसन्तान ग्रहणको प्रक्रियालाई समाप्त गर्ने निर्णय गरेको, वा
- धर्मसन्तान ग्रहणको लागि अयोग्य पाइएको ।

यदि तपाईं बालबालिकालाई धर्मसन्तानको रूपमा ग्रहण गर्न चाहनुहुन्छ भने, कृपया समाज कल्याण विभागको धर्मसन्तान ग्रहण एकाइलाई निम्न माध्यमबाट सम्पर्क गर्नुहोस्:

फोन : 3595 1935

फ्याक्स : 3595 0025

इमेल : auenq@swd.gov.hk

पत्राचार : Adoption Unit, Social Welfare Department, Room 201, 2/F., North Point Government Offices, 333 Java Road, North Point, Hong Kong

* HKSAR मा धर्मसन्तान ग्रहणको कार्य धर्मसन्तान ग्रहणसम्बन्धी अध्यादेश, क्याप 290 अनुसार कार्यान्वयन हुनुपर्नेछ ।

** भुक्तानी नियमित रूपमा परिमार्जन हुनेछ

2024